वेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
४ नं. प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०


## बेसीशहर नगरपालिकाको ढुंगा,गिटी,वालुवा झिक्ने सम्बन्धि सूचना

**सूचना प्रकाशित मिति : २०७४/११/०८**

मध्यमर्स्याङदी जलविद्युत केन्द्र लमजुङले मिति २०७४ फाल्गुन १० गते देखि एक हप्ताका लागी Plant Shutdown गर्ने भएको र त्यस अवधिमा Reservoir को intake भन्दा माथिल्लो भागबाट ढुंगा,गिटि,वालुवा झिक्न सकिने भन्ने बेसीशहर नगरपालिकामा मिति २०७४।११।०६ को पत्रबाट जानकारी हुन आई मिति २०७४।११।०८ गते बिहान जिल्ला समन्वय समितिका प्रमुख, बेसीशहर नगरपालिकाका नगर प्रमुख,प्रमुख जिल्ला अधिकारी,जिल्ला समन्वय अधिकारी,प्रहरी नायब उपरीक्षक,अनुसंधान कार्यालय प्रमुख र मध्यमर्स्याङदी जलविद्युत केन्द्र प्रमुख समेतको बैठक बसी बेसीशहर नगरपालिका मार्फत सूचना जारी गर्ने निर्णय भए अनुसार तपशिलमा उल्लेख भए अनुसारको विधि, प्रक्रिया र शर्त पुरा गरी निवेदकहरुको आह्वान गरिएको छ । समयभित्र निवेदन नदिने कुनै पनि फर्म वा व्यक्तिको निवेदन उपर कुनै पनि कारवाही नहुने व्यहोरा जानकारी गरिन्छ ।

**तपशिल :**

१. मिति २०७४।११।१० गते भित्र निवेदकले निवेदन दिई आफुले झिक्न चाहेको ढुंगा,गिटी,वालुवाको परिमाण (घन मिटर) उल्लेख गर्नु पर्ने छ ।

२. प्रति घनमिटर रु. १००/- का दरले राजस्व लाग्ने र आफूले झिक्न चाहेको परिमाणको ५० % ले हुन आउने रकम नगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

३. नगरपालिकासंग संझौता नगरी ढुंगा,गिटी,वालुवा झिक्न पाइने छैन र नगरपालिकाले तोकेको ईलाका वाट मात्रै ढुंगा,गिटी,वालुवा झिक्नु पर्नेछ ।

४. ढुंगा,गिटी,वालुवा राख्ने ठाँउको जानकारी निवेदकले नगरपालिकालाई गराउनु पर्नेछ । थुपारिएको ठाँउको ढुंगा,गिटी,वालुवा प्राविधिकवाट नाप जाँच गरी बाँकी रकम भुक्तानी गर्न लगाइनेछ र सम्पूर्ण रकम भुक्तानी नगरी संकलन केन्द्रवाट ढुंगा,गिटी,वालुवा उठाउन पाईने छैन ।

५. ढुंगा,गिटी,वालुवा झिक्न चाहने फर्म वा व्यक्तिले कम्तिमा पनि ५०० घ.मि. ढुंगा,गिटी,वालुवा झिक्नु पर्नेछ ।

.................
राजेश्वर सिलवाल
नि. प्रमुख प्रशासकिय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

**थपजानकारीको लागी**

सम्पर्क : वेसीशहर नगरपालिकाको कार्यालय
वेसीशहर, लमजुङ
०६६-५२०२०४, ५२०१५०